# श्री उपत्यका पृतना हे.क्वा. र समुहमा आवद्ध ६० वटा युनिटहरुका सकलदर्जाहरुको लागि आ.ब. ०६८/६९ को निमित्त आवश्यक पर्ने राशन सामानहरुको ठेक्का बन्दोवस्त गर्न खरिद सम्झौता गरिएको

"सूचना" "सूचना" "सूचना"

उपत्यका पृतना हे. काठमाण्डौं २०४०

सूचना प्रकाशित मिति २०६८/०९/१३ गते

१. यस श्री उपत्यका पृतना हे.क्वा. र समुहमा आवद्ध ६० वटा युनिटहरुमा कार्यरत सकलदर्जाहरुको लागि आ.ब. ०६८/६९ को २०६८ साल माघ १ गतेदेखि ०६९ साल पौष मसान्ततक वर्ष १ (एक) को निमित्त आवश्यक पर्ने राशन सामानको ठेक्का बन्दोबस्तद्धारा आपूर्ति गर्नको लागि श्री प्रबन्धरथी विभाग (खाद्य र परिवहन) जंगी अड्डा काठमाण्डौबाट मिति २०६८/०६/१२ गतेको राष्ट्रियस्तरको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित ३५ दिने **"राशन आपूर्ति सम्बन्धि सिलबन्दी बोलपत्र आव्हानको सूचना"** अनुसार मिति २०६८/०७/१७ गते यस पृतना हे.क्वा.मा बोलपत्र थान ११ (एघार) खोलुवा गरी मूल्याङ्कन गर्दा नियमित रुपमा पेश हुन आएको सवै भन्दा घटी दर कवुल गर्ने न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता बुद्ध सप्लायर्स पिया ट्रेडिङ्ग, हनुमान सप्लायर्स, श्री चागेस्थान कन्स्ट्रक्सन प्रा.लि.संयुक्त उपक्रम (जे.भि.)का मुख्य साझेदार पुष्प पिया, रविभवन १४ काठमाण्डौको प्रति दिन प्रति जवान कवुल दर रु. ८२।७३० (बयासी रुपैया त्रिहत्तर पैसा प्वाईन्ट जिरो) ले वार्षिक ठे. अंक मु.अ.कर बाहेक रु. ६७,५१,३२,२३२।५४० (सटसट्ठी करोड एकाउन्न लाख बत्तिस हजार दुई सय बत्तिस रुपैया पैसा चउन्न) हुन आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (३) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६७ को उपनियम १ को खण्ड (ग) बमोजिम श्री प्रबन्धरथी विभाग (खाद्य र परिवहन) जंगी अड्डाबाट निज बोलपत्रदाताको नाममा राशन ठेक्का स्विकृत भई मिति २०६८/०९/१३ गते निज रा.ठे.संग खरिद सम्झौता भएको हुंदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३७ को प्रायोजनको लागी यो सूचना प्रकाशित गरिएको छ ।

२. साथै अन्य बोलपत्रदाताले आफूले बोलपत्रसाथ पेश गरेको बोलपत्र जमानत ठेक्का खरिद सम्झौता भएको ३ (तिन) दिन भित्र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५३ को उपनियम (८) अनुसार फिर्ता/फुकुवा गरिने र अन्य बोलपत्रदाताहरुले पेश गरेको राशन सामानहरुको नमूना फिर्ता लिन खरिद सम्झौता भएको ७ (सात) दिन भित्र सोही नियमावलीको नियम ६८ बमोजिम यस उपत्यका पृतना हे.क्वा.मा लिखित रुपमा अनुरोध गर्नु हुन समेत यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध ।

शिवराम खरेल
महा सेनानी
सह चिफ अफ स्टाफ (अप्स)